# विपश्यना

**साधकहरूका लागि**
**प्रेरणा पत्र**

बुद्ध वर्ष २५४०　　ज्येष्ठ २०५३　　वर्ष १२ अ° २

## धम्मवाणी

*अट्ठीनं नगरं कतं मंसलोहितलेपनं ।*
*यत्थ जरा च मच्चू च मानो मक्खो च ओहितो ॥*
*धम्मपद - ११÷५*

**यो हाडले बनेको नगर हो जस्मा मासु र रगत लेपन गरिएको छ≤त्यस भित्र जरा, मृत्यु, अभिमान र इर्ष्या लुकेको छ ।**

**बुद्ध र बिम्बिसार**

## नगरशोभिनी धर्मशोभिनी बनिन्

मगध नरेश बिम्बिसारको एक रातको भाडा दिएकी पत्नी जनपदकल्याणी अम्बपालीको पनि भाग्योदय भयो । उनी पनि भगवानको सम्पर्कमा आइन् । बिम्बिसारले उसलाई प्रत्यक्ष प्रभावित गरेको हो अथवा कोही संदेशबाहक मार्फत प्रभावित गराएको हो, यस बारेमा केही जानकारी छैन । परन्तु अम्बपालीले उनको छोरा विमल कौंडण्यको पिता राजा बिम्बिसार भगवान बुद्धको अनन्त भक्त भएको कुरा शायद मानिसहरू मार्फत सूचना पाएको पनि हुनसक्छ । यो पनि हुनसक्छ कि उनी स्वयंले आफ्नो छोरालाई उस्को पिताको पद-चिन्हमा लागेर भगवानको सश्रद्ध अनुयायी बन्नको लागि प्रोत्साहित गरेको थियो । शायद, विमल कौंडण्य भिक्षु भएपछि उसको मूर्धन्य आध्यात्मिक उपलब्धि देखेर आफू पनि भगवान प्रति आकर्षित भएको र गणिकाको जघन्य पेशा घृणास्पद लाग्न थालेको हो कि । कारण जेसुकै होस्, मानिसहरूलाई कामाकर्षणमा डुबाई राख्ने अम्बपाली प्रौढावस्थामा पुग्दा नपुग्दै भगवान प्रति अत्यन्त श्रद्धालु भइसकेको थियो । आफ्नो जीवनको अन्तिम समयमा भगवान पश्चिमतिर विहार गर्नको लागि राजगृहबाट वैशाली पुगे । त्यस बेलासम्म वैशालीका शासकहरू लगायत धेरै धनी-मानी व्यक्तिहरू भगवानको अनुयायी बनी सकेका थिए । परन्तु भगवानको दर्शन गर्नका लागि सबभन्दा पहिले अम्बपाली नै पुगिन् किनभने भगवान अम्बपालीको आम्रकुन्जमा बस्नु भएको थियो । उनले भगवानलाई भोली पल्टको भोजनको लागि आमन्त्रित गरिन् । भगवानले मौन भइकन त्यसलाई स्वीकार गर्नुभयो । बैशाली आगमन पछि प्रथम दिवसको भोजन-दानको ठूलो महत्व थियो । धेरै प्रतिष्ठित व्यक्तिहरू यो पूण्य हासिल गर्न चाहन्थे परन्तु बैशालीको गणिकाको भाग्यमा नै यो पूण्य अवसर समाहित थियो ।

उनी आफ्नो भाग्य देखेर अति हर्षित हुँदै आफ्नो बग्गीमा चढेर प्रसन्न मुद्रामा घर फर्किंदै थिइन् । सामुन्नेबाट लिच्छवि राजकुमारहरूको एक समूह आ-आफ्नो रथमा चढेर त्यतैतिर आईरहेका थिए । उनीहरू मध्ये कसैले नीलो आभूषण लगाएको थियो । कोही पहेंलो वस्त्र र पहेंलो आभूषण लगाई पहेंलो नै रङ्गको रथमा चढेको थियो । कोही रातो पहिरणमा रातो रथमा सवार थिए त कोही सेतो रङ्गको पहिरणमा सेतो रथमा चढेका थिए । उनीहरूको छाँटकाँट अद्भूत थियो, भव्य थियो, हेर्नलायकको थियो । देव-मण्डली जस्तो सुशोभित लिच्छवी राजकुमारहरूको यो टोली भगवानको दर्शनको लागि गइरहेको थियो । खासगरेर राजपरिवार अथवा राजपुरूषहरूको रथ सडकबाट आइरहेको छ भने प्रजाहरूको आफ्नो रथ सडकबाट छेउमा लग्थे ताकि उनीहरू विना वाधा मूल सडकमा आफ्नो रथ हाँक्न सकोस् । परन्तु अम्बपाली आज हर्षले विभोर थिइन् उनको खुट्टा भुईंमा थिएन । उनले राजकुमारहरूलाई बाटो छोडि-दिएन । परिणामत: राजकुमारहरूको रथको पाङ्ग्रा उनको रथको पाङ्ग्रासित जुध्यो, खटसित खट जुध्यो । राजकुमारहरू छक्क परे । गणिका अम्बपालीलाई आज के भएको हो ? उनीहरूले सोधी हाल्यो, उनी यसरी अमर्यादित रथ किन हाँकिरहेछ ? अम्बपालीले प्रशन्न मूद्रामा उत्तर दिइन्, “तिमीहरूलाई थाहा छैन, भगवानले म कहाँ भोलीको भोजन स्वीकार गर्नु भएकोछ ।” भगवानले ती गणिकाको भोजन स्वीकार गर्ला यसको विश्वास न राजकुमारहरूलाई नै थियो न स्वयं आम्बपालीलाई नै । त्यसैले आफ्नो विजय प्रति हर्षोत्फुल्ल भएकी थिइन् । राजकुमारहरूलाई अचम्म हुनुको साथसाथै दु:ख पनि लाग्यो, किनकि उनीहरू पनि भोलीको भोजन-दानको लागि नै भगवानलाई आमन्त्रित गर्न गइरहेका थिए । राजकुमारहरूले आफूहरू हारेको महसूस गरे । अम्बपाली जिती । भगवान जसको भोजन स्वीकार गर्नु हुन्थ्यो त्यसकहाँ छोडेर अन्य ठाउँमा भोजन जानुहुन्न थियो । भगवानको यो नियम सर्व बिदित थियो । अत: अम्बपालीलाई प्रलोभन देखाइयो≤भोजन-दानको



Downloaded from http://www.dhamma.digital

बदलामा एक लाख मूद्रा दिने निर्णय भयो। यो एक लाख मुद्रा रजत-मूद्रा थियो वा स्वर्ण मूद्रा यस बारेमा केही जानकारी छैन। तर जे होस्, एक रातको देह बिक्रिको लागि पचास मूद्रा लिने गणिकाको लागि यो ज्यादै ठूलो रकम थियो। जनपदकल्याणी भएकोले अम्बपालीको लागि पचास मूद्रा नै काफी महँगो थियो होला। यो त एक लाख मूद्राको कोसेली छ। ज्यादै आकर्षित रकम छ। परन्तु नगर शोभिनीले भगवानलाई भोजनदानको पूण्यको तुलनामा यो धन तुच्छ थानिन्। यो प्रलोभनलाई तिरस्कार गर्दै भनिन्, "राजकुमारहरू! यदि समस्त लिच्छवि गणतन्त्र नै मलाई दिए पनि भोलीको भोजन-दान म तिमीहरूलाई दिने छैन।" लिच्छवि राजकुमारहरू परास्त भए र अम्बपाली आफ्नो विजय प्रति खुसी भई घर फर्किन्।

भोलीपल्ट भगवान र भिक्षुसंघलाई अत्यन्त श्रद्धापूर्वक भोजन-दान दिइन्, भगवान रहनु भएको आफ्नो आम्रवन पनि बुद्ध प्रमुख भिक्षुसंघलाई दान दिइन् र अति पूण्यशालिनी भइन्।

केही समय पछि उनी आफ्नो अर्हन्त भएको छोरा विमल कौंडन्य मार्फत विपश्यना प्रति अत्यन्त आकर्षित भइन्। तिनले प्रवज्या ग्रहण गरिन र आफ्नो घृणित जीवन छाडेर त्यागमयी तपस्विनीको जीवन जीउन थालिन्। पूर्व पारमिताले उनलाई बल प्रदान गऱ्यो।

उनी कल्पौं अगाडि भगवान पूष्य महामुनिको जीवनकालमा उनकी बहिनी थिइन्। बृहद दान दिएर उनीले धर्म-संकल्प गरेकी थिइन् कि यो दानको फलस्वरुप भविष्यमा उनलाई अत्यन्त सुन्दर शरीर प्राप्त होस्। यही पूण्यको फलस्वरुप उनी अत्यन्त रूपवती भइन्। परन्तु एकतीस कल्प अगाडि भगवान शिखीको जीवनकालमा तिनले भिक्षुणी संघको कुनै साध्वीलाई कोप भएर अपशब्द भनेकि थिइन्, "तिमी वेश्या हौ, अनाचारिणी हौ, जिन शासन-दुषिका हौ।" यही गलत दोषारोपण सरापको कारणले राम्री भईकन पनि उनी आफूले वेश्याको जीवन जिउनु पऱ्यो, दुराचारिणीको जीवन जिउनु पऱ्यो। परन्तु उनको धेरै जन्मको पूण्य पारमी भएको कारणले भिक्षुणी अम्बपालीले विपश्यना गर्दै अर्हन्त अवस्था प्राप्त गरिन्। तबसम्म उनी अत्यन्त बुढी भइसकेकी थिइन। अर्हन्त भएपछि जुन प्रसन्न चित्तले तिनले धर्मको उद्गार प्रकट गरिन्, त्यो अनित्य परिवर्तनशील शरीरको यथाभूत ब्याख्याको ठूलो अभिव्यक्ति हो। उनी अत्यन्त रूपवती मात्र थिइनन्, रूपगर्विता पनि थिइन्। रूप आसक्त भएको कारणले स्वभावत: आफ्नो शरीरलाई श्रृङ्गार प्रसाधन एवं वस्त्र-आभूषणले खूब सजिसजाग गरेर राख्थिन्। भगवानले आफ्नो उपदेशमा उनलाई शरीरको सौन्दर्यको नश्वरता, भंगुरता र परिवर्तनशीलताको उपदेश दिनुभएको थियो।

**सब्ब रुपं अनिच्चं जराभिभूतं।**

यो बृद्धवस्थामा त्यही सत्य प्रकट भयो। परन्तु अब उनलाई यसको कुनै दु:ख छैन किनभने शरीरप्रति उनको आशक्ति पूर्णतया टुटीसकेको छ। खाली तथ्यको अभिव्यंजना छ, ता कि अरूले यस सत्यबाट ज्ञान पाओस्। शरीर सौन्दर्यप्रति उनको मिथ्या आसक्ति टुट्यो। तब तिन्ले भनिन्,-

(१) भमराको रङ्ग जस्तो मेरो कालो केश थियो। जरादेखि टुप्पासम्म सबै रौं घुँघुरीएको थियो। त्यही आज जरा-जीर्ण अवस्थामा सन जस्तो सेतो भएको छ। सत्यवादी भगवानको वचन कहिल्यै पनि झूठो हुँदैन।

(२) चम्पा, चमेली, जुही फूलले बाँढेको मेरो केश अत्तरको बट्टा जस्तै सधैं सुवासित, सुगन्धित रहन्थे। अब भेडाको दुर्गन्धयुक्त रौं सरह दुर्गन्धित, दुर्वासित भएको छ। सत्यवादी भगवानको वचन कहिल्यै पनि झूठो हुँदैन।

(३) सुनको काँगियो र क्लिपले सजिसज्जाग मेरो कपालको जूरो बाक्लो वन झैं सुशोभित रहन्थे। त्यही अब ठाउँ-ठाउँमा रौं झरेकोले पातलो कपाल भएको छ, नराम्रो भएको छ। सत्यवादी भगवानको वचन कहिल्यै झूठो हुँदैन।

(४) कहिल्यै मेरो शिरको जूरो बहुमुल्य हिरा जडेको सुनको शिरबन्दीले अलंकृत रहन्थे। मग-मग बास्नाले सुगन्धित चूल्ठो बाटेको हुन्थे। त्यही अब वृद्धावस्थामा कपाल झरेकोले नराम्रो र फोहोर भएको छ। साँच्चिकै सत्यवादी भगवानको वचन कहिल्यै पनि गलत हुँदैन।

(५) कुशल चित्रकारको हातले अत्यन्त कलात्मक रूपले कोरेको मेरा दुई सुन्दर आँखिभौं थिए। त्यसको शोभा अनुपम हुन्थ्यो। अब बुढी हुनाले त्यसमा चाउरी पैदा गरी दियो। कोरेको आँखिभौं अब भद्दा भयो, झुक्यो। साँच्चिकै सत्यवादी भगवानको वचन कहिल्यै गलत हुँदैन।

(६) उहिले मेरा आँखा विशाल थिए, उज्ज्वल थिए। त्यसको दुवै नानी नीलो मणि झैं ज्योतिर्मय थिए। अब वृद्धावस्थाले त्यसलाई बेशोभित बनाई दियो, प्रभाहीन बनाई दियो, कुरुप बनाई दियो। साँच्चिकै सत्यवादी भगवानको वचन कहिल्यै गलत हुँदैन।

(७) नवयौवनकालमा सुन्दर शिखर जस्तो उठेको मेरो कोमल, सुन्दर नाक अब वृद्धावस्थामा सुकाई दिएको छ, थेप्चाई दिएको छ। साँच्चिकै सत्यवादी भगवानको वचन कहिल्यै गलत हुँदैन।

(८) कुशल कालिगढद्वारा निर्मित कलापूर्ण चुरासमान उहिले मेरो कानमा रेखा थिए। त्यही अब जरा अवस्थामा चाउरी परेर तलतिर लट्केको छ र सौन्दर्यहीन भएको छ। साँच्चिकै सत्यवादी भगवानको वचन कहिले गलत हुँदैन।

(९) उहिले मेरा दाँतको पंक्ति मोतीका दाना समान सुशोभित थिए। अब त्यही दाँत जरा अवस्थामा टुक्रा भएको छ र पहेंलो



Downloaded from http://www.dhamma.digital

भएको छ । साँच्चिकै सत्यवादी भगवानको वचन कहिल्यै गलत हुँदैन ।

(१०) वन-चाहार्ने कोइलीको मधूर कूकू समान उहिले मेरो श्वर मीठो, रसिलो थियो । अब वृद्धावस्थामा त्यो धोक्रो भएको छ, रूञ्चेश्वर भएको छ । साँच्चिकै सत्यवादी भगवानको वचन कहिल्यै गलत हुँदैन ।

(११) खुर्केको चिप्लो शंखसरी सुशोभित मेरा हत्केला थिए । अब जरावस्थामा त्यो भत्केको छ, झुकेको छ । साँच्चिकै सत्यवादी भगवानको वचन कहिल्यै गलत हुँदैन ।

(१२) सुन्दर गद्दा जस्तै गोलाकार मेरा दुई पाखुरा थिए । त्यही अब जरावस्थामा पुरानो रूखको सुकेको हाँगा जस्तै दुर्वल भएको छ । साँच्चिकै सत्यवादी भगवानको वचन कहिल्यै गलत हुँदैन ।

(१३) पहिले मेरो हातको सुकोमल औंलाहरू सुन्दर औंठीहरू र स्वर्ण गहनाले विभूषित रहन्थे । त्यही अब वृद्धावस्थामा सुकेर गाँठो नै गाँठो भइसकेको छ, दुर्वल भईसकेको छ । साँच्चिकै सत्यवादी भगवानको वचन कहिल्यै गलत हुँदैन ।

(१४) मेरा वक्षस्थलमा उहिले सुन्दर, सडौल र सुगोल दुवै स्तन सुशोभित रहन्थे । अब वृद्धावस्थामा त्यही पानी सकिएर लत्रेको थैली जस्तो भएको छ । साँच्चिकै सत्यवादी भगवानको वचन कहिल्यै गलत हुँदैन ।

(१५) उहिले मेरो समस्त शरीर, शुद्ध तातिएको सुनको पाता झैं चम्कन्थे । त्यही अब जरावस्थामा मसिना-मसिना चाउरीले भरिएर ओइलाएको छ । साँच्चिकै सत्यवादी भगवानको वचन कहिले गलत हुँदैन ।

(१६) उहिले मेरा दुवै तिघ्रा हात्तीको सुँड झैं सुघड, सुन्दर थिए, सुशोभित थिए । त्यही अब जरावस्थामा छिपेको बाँसको नली झैं खोक्रो भएको छ । साँच्चिकै सत्यवादी भगवानको वचन कहिल्यै गलत हुँदैन ।

(१७) उहिले मेरो सुकोमल पाग पाउजु र स्वर्ण अलंकारले सुशोभित रहन्थे । त्यही अब जरावस्थामा सुकेको लठ्ठी झैं भद्दा भएको छ । साँच्चिकै सत्यवादी भगवानको वचन कहिल्यै गलत हुँदैन ।

(१८) उहिले मेरा दुवै कोमल कुर्कुचा कपासको डल्लो झैं हलुका थिए, सुशोभित थिए । अब जरावस्थाले त्यसलाई सुकाएर, निचोरेर, चाउरिएर नराम्रो तुल्याएको छ । साँच्चिकै सत्यवादी भगवानको वचन कहिल्यै गलत हुँदैन ।

(१९) मेरो यो शरीर उहिले सुखको भण्डार थियो, खुशीको भण्डार थियो, कामनक्रिडाको केन्द्र थियो । अब जरावस्थामा यो जर्जरित भएको छ, अनेक दु:खको आश्रम भएको छ । यस्तो जरा-जीर्ण घर झैं भएको छ जसको लिप-पोट खण्डित भई झरेको छ । बिना मरम्मतले जसरी पुरानो घर भट्किन्छ, त्यसरी नै यो जरावस्थामा शरीर बिना सेवाले चाँडैनै पतन हुनेछ, नष्ट हुनेछ, खाली कंकालको गुफा भएर रहनेछ । साँच्चिकै सत्यवादी भगवानको वचन कहिल्यै गलत हुँदैन ।

कतिको यथार्थ छ अरहन्त अम्बपालीको यी शब्द । कतिको सही छ जीवन जगतको जरा-धर्म, अनित्य-धर्म, विपरिणाम धर्म, सत्यको यो सुमांगलिक अभिव्यक्ति ।

यो उद्‌गार धेरैको कल्याणको लागि पथ-प्रदर्शक बनोस् ।

(साभार:विपश्यना हिन्दी पत्रिका, आषाढ पूर्णिमा, १९९३) **कल्याण मित्र** स.ना.गो.

---

## *धर्मश्रृङ्गमा आगामी महिनाहरूमा सञ्चालन हुने शिविर कार्यक्रम:*

१) निम्न कार्यक्रमहरूमध्ये आफूलाई अनुकूल शिविरमा सम्मिलित हुनु पूर्व कृपया आचार संहिता पढ्नुहोस् । कम से कम दुई हप्ता अगाडि आवेदन-पत्र भरेर ब्यवस्थापनमा सम्पर्क राख्नुहोस् ।

२) शिविरको प्रारम्भ शुरुदिनको साँझहुनेछ र समाप्त अन्तिम दिनको विहान करीब सात बजे हुनेछ । शिविरार्थीहरूलाई अनुरोध छ कि शिविर शुरू हुने दिनमा नै शिविर स्थलमा आउनु होला, त्यसभन्दा अगाडिको वा पछाडिको दिनमा होइन ।

३) शिविरमा आउँदा साथमा टर्च, तन्ना, ओड्ने (सल) तथा मौसम अनुकूलको लुगा र दैनिक उपयोगका सामानहरू ल्याउन नभूल्नु होला ।

४) शिविरको सञ्चालन पूज्य गुरुजीद्वारा मनोनित सहायक आचार्यबाट हुनेछ ।

५) बाल शिविर : बाल शिविरमा सम्मिलित हुनुको लागि आवेदन पत्र भर्नु पर्नेछ । तोकिएको वर्ष भित्रका बालबालिकाहरूलाई मात्र शिविरमा सामेल गराउने भएकोले सो-अनुसार आवेदन गर्न अभिभावकहरूमा अनुरोध छ ।

- ब्ववस्थापन कार्य सरल बनाउने अभिप्रायले प्रत्येक शिविरमा सयजना शिविरार्थी मात्र सम्मिलित गराइने छ । तसर्थ समयमा नै आवेदन गर्नु होला ।
- बाल बालिकाको इच्छा भएमा मात्र आवेदन गर्नको लागि उनीहरूलाई प्रोत्साहित गर्नु होला ।
- शिविरमा आ[illegible] बाल-बालिकाको साथ कोही पनि अभिभावक बस्न पाउनु हुनेछैन ।

६) सतिपट्ठान शिविर: यस शिविरमा पूज्य गुरुजी वा सहायक आचार्यसंग कम से कम तीन वटा शिविर लिइसकेका



Downloaded from http://www.dhamma.digital

साधकहरूले मात्र भागलिन पाउने छन्। यसका साथै विगत एक वर्षदेखि नियमित रूपमा दैनिक अभ्यास गरेको हुनु पर्छ।

१. जून २७ - ३०
(आषाढ १३ - १६) - बाल शिविर (८ - ११ वर्ष)

२. जुलाई १ - १२
(आषाढ १७ - २८) - १० दिवसीय

३. जुलाई १४ - २५
(आषाढ ३० - श्रावण १०) - १० दिवसीय

४. जुलाई २६ - २९
(श्रावण ११ - १४) - बाल शिविर (१२ - १५ वर्ष)

५. अगस्त १ - १२
(श्रावण १७ - २८) - १० दिवसीय

६. अगस्त १४ - २२
(श्रावण ३० - भाद्र ६) - सतिपट्ठान

७. अगस्त १४ - २५
(श्रावण ३० - भाद्र ९) - १० दिवसीय

८. अगस्त २७ - ३०
(भाद्र ११ - १४) - वाल शिविर (८ - ११ वर्ष)

९. सेप्तेम्बर १ - १२
(भाद्र १६ - २७) - १० दिवसीय

१०. सेप्तेम्बर १४ - २५
(भाद्र २९ - आश्विन ९) - १० दिवसीय

---

## धर्म गाथा

### हिन्दी

पावन गङ्गा धरम की, पावन देय बनाय ।
नगरवधु या कुलवधू, जो न्हाए तर जाय ॥
प्रज्ञा, शील समाधि की, वही त्रिवेणी धार ।
डुबकी मारे सो तिरे, हो भगसागर पार ॥
शील धरम धारण करे, चित्त समाहित होय ।
जागे प्रज्ञा गुणवती, मुक्त दु:खो से होय ॥
जागे विरज विपश्यना, समता चित्त समाय ।
राग द्वेष के मोह के, मैल सभी धुल जांय ॥
मङ्गलकारी धरम का, फल मङ्गल ही होय ।
अन्तर की गांठें खुलें, मानस निरमल होय ॥
सिर से पग तक धरम ही, तरल तरङ्गित होय् ।
विरज विमल मैत्री जगे, निजहित परहित होय ॥

मंगल कामना सहित
**भाजुरत्न फर्मा**
वीरगञ्ज ।

### हिन्दी

बाहर भीतर एक सा, क्षण भगुंर संसार ।
वर्षा जल के बुदबुदे, इनमें तत्व न सार ॥
होश जगे जब धर्म का, होबे दूर प्रमाद ।
स्वदर्शन करते हुए, चखे मुक्तिका स्वाद ॥
भोगत भोगत भोगते, बन्धन बँधते जाँय ।
देखत देखत देखते, वंधन खुलते जाँय ॥
ऐसी जगे विपश्यना, समता चित्त समाय ।
एक एक कर मैल की, परत उतरती जाय ॥
जिसके मन प्रज्ञा जगे, होय विनम्र विनीत ।
जिस डाली पर फल जगे, झुकेन की ही रीत ॥
देख देखकर चित्तकी, ग्रंथि सुलझती जाय ।
जागे विमल विपश्यना, चित्त मुक्त हो जाय ॥

मंगल कामना सहित
**श्री मदनकृष्ण कायस्थ**
रोडहाउस क्याफे, ठमेल
फोन नं. २२९१८७

*प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मशृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ३७१६५५ *२०५३ ज्येष्ठ*
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १३३, काठमाडौं । फोन : २-२५४९०, २-२३९६८
*मुद्रक :* नेपाल प्रेस, शुक्रपथ, काठमाडौं, नेपाल। फोन : २२१० ३२, फ्याक्स : (±९७७-१) २२५ ४५०

जि.प्र.का.द.नं. ३८÷५१÷५२
हुलाक द. नं. १४÷५१÷५२

● वार्षिक शुल्क रू. २४÷-

साधकको नाम : ..................................................
ठेगाना : ..................................................
..................................................
..................................................



Downloaded from http://www.dhamma.digital